म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९८ सोमबार १४ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 26 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## निर्माण व्यवसायीलाई अपमान गरेकोमा संघको आपत्ति

हेटौंडा, १३ फागुन/निर्माण व्यवसायी संघ मकवानपुरले मनहरी गाउँपालिकाको ५ राजनीतिक दलले विरोधको नाममा निर्माण व्यवसायीलाई अपमानित गरेको भन्दै आपत्ति जनाएको छ । जिल्लामा रहेका निर्माण व्यवसायीको छाता संगठनले मनहरीमा रहेको ५ राजनीतिक दलले निर्माण व्यवसायीलाई होच्याएर 'ठेकेदार' शब्दको प्रयोग गरिएकोप्रति खेद प्रकट गरेको हो । 'मनहरी गाउँपालिकामा निर्माणाधीन पक्की पुलमै सभा गरी स्थानीय ५ राजनीतिक दलले २०८०/११/११ गते नाराबाजी र भाषण गरी अवरोध पुऱ्याएकोप्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ ।', संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यस जेभीसँग कानुनीरुपमा बागमती प्रदेशसभा सदस्य माननीय इन्द्रबहादुर बानियाँको कुनै पनि संलग्ना नरहेको अवस्थामा निर्माण व्यवसायीलाई होच्याएर 'ठेकेदार' शब्दको प्रयोग गरिएकोप्रति हामी खेद प्रकट गर्न चाहन्छौं ।', क्रमशः पृष्ठ-४....

# प्रतिपक्षसँगको सहमति कार्यान्वयनको टुंगो नलाग्दा सर्वदलीय बैठक निश्कर्षविहीन

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले आइतबार राखेको सर्वदलीय बैठक निश्कर्षविहीन बनेको छ ।



चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रतिपक्षको योजना समेट्ने र संसदीय समिति सभापति चयनको विषयमा सरकार र प्रतिपक्षीबीचको विवाद समाधानको प्रयासका लागि सभामुख पाठकले बोलाएको सर्वदलीय बैठक पाँच घण्टासम्म चलेको थियो । १५ फागुमा प्रदेशसभा बैठक आह्वान भइसकेको अवस्थामा सरकार र प्रतिपक्षबीचको विवाद समाधानका लागि सभामुख पाठकले मध्यमार्गी भूमिका खेलेका हुन् ।

२ बजेबाट सुरु बैठक साँझ ७ बजेसम्म निरन्तर चलेपनि सरकार र प्रतिपक्षबीच कुनै सहमति बन्न नसकेको जनाइएको छ । सरकारले बजेट पास गराउँदा १८ असारमा प्रतिपक्ष दल नेकपा एमाले र राप्रपासँग छुटेका योजना कार्यान्वयन गर्ने सहमति गरेको थियो । सहमति हालसम्म कार्यान्वयन हुन नसकेको भन्दै एमाले र राप्रपा आक्रामक बन्दै आएका छन् । सर्वदलीय बैठकमा योजना समावेशको सहमति कार्यान्वयनको विषयमा लामो छलफल भएको नेताहरुले बताएका छन् ।

सर्वदलीय बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रतिपक्षको योजना समेट्ने सहमति कार्यान्वयन गर्न खोज्दा पनि विभिन्न कारणले नसकेको बताएका छन् । 'उहाँले सहमति कार्यान्वयन गर्न चाहँदा पनि नसकेको भन्दै आफ्नो नियत नराम्रो थिएन भनेर प्रतिपक्षलाई विश्वास दिलाउने प्रयास गर्नुभएको थियो ।', बैठकमा सहभागी एक सांसदले साझाकुरासँग भने । मुख्यमन्त्रीको भनाईप्रति प्रतिपक्ष दलका नेताहरुले सरकारको कुनैपनि बहाना स्वीकार नहुने बताएपछि बैठकमा नोकझोक भएको ती सांसदले बताए ।

'एकछिन बैठकमा घोचपेच पनि चल्यो । सरकारमाथि प्रतिपक्षले थुप्रै आरोपहरु लगाएपछि मुख्यमन्त्री रिसाउनु भएको हो ।', ती सांसदले भने । 'तपाईंहरुले धेरै नै पीडा हुने गरी भन्नुभयो । सहनै नसक्ने पीडा हुनेगरी भन्नुभयो ।', जम्कट्टेलको भनाई उदृत गर्दै ती सांसदले भने । बैठकमा राप्रपा संसदीय दलका नेता उद्धव थापा आक्रामक बनेका थिए । उनले सरकारलाई बेइमानी र गलत नियत भएको आरोप लगाउनुका साथै निर्वाचित सांसदलाई ८ लाख र गठबन्धनका सांसद भएकैले ५ करोडसम्मका योजना दिने भन्दै कड्किएका थिए ।

सरकारले बजेट कार्यान्वयन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कानुनी व्यवस्था भन्दा बाहिर रहेर बजेट रकमान्तर गर्न नहुने सम्बन्धीको पत्र र सर्वोच्च अदालतको 'सांसद विकास कोष' कार्यान्वयन नगर्न दिएको अन्तरिम आदेशलाई कारण देखाएको नेताहरुले बताएका छन् । हरेक पटकको वार्तामा सरकारले एउटै कारण देखाएपछि पूरक बजेट ल्याएर भएपनि सहमति कार्यान्वयन गर्नुपर्ने अडान प्रतिपक्ष दलले राखेका थिए ।

राप्रपा संसदीय दलका नेता थापाले सहमति कार्यान्वयनको विकल्पको रुपमा पूरक बजेट ल्याउन सरकारलाई अनुरोध गरेको बताए । पूरक बजेट ल्याउन सरकार सकारात्मक नदेखिएपछि सहमति हुन नसकेको उनको भनाई छ । 'अख्तियार र सर्वोच्चको आदेशले सहमति कार्यान्वयनमा अप्ठेरो परेको भए पूरक बजेट ल्याउन आग्रह गऱ्यौं । तर, उहाँहरु पन्छिन मात्रै खोज्नुभयो । प्रतिपक्षलाई पेलेरै जाने योजनामा उहाँहरु देखिनु भएको छ ।', थापाले भने । सरकारले सहमतिको नाममा पटक-पटक झुक्याएको भन्दै आफू बैठकमा आक्रोशित रुपमा प्रस्तुत भएको स्वीकार गरे ।

एमाले बागमती प्रदेशमा प्रमुखसचेतक मधुसुदन पौडेलले बैठकमा सहमति कार्यान्वयनको विषयमा छलफल भएता पनि सरकारबाट कुनै ठोस निश्कर्ष नआएको बताए । सरकारलाई उपयुक्त कुनैपनि विधिबाट सहमति कार्यान्वयन हुनुपर्ने आग्रह गरेको बताए । असारमा सहमति गरेपछि तीन महिनासम्म सरकार चुपचाप बसेको र १५ कार्तिकमा मात्रै अख्तियारबाट पत्र आएकोले त्यसलाई कारण मान्न तयार नभएको बताए । सरकारले पूरक बजेटबाट भएपनि सहमति कार्यान्वयनमा जोड दिनुपर्ने उनको भनाई छ ।

सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालले प्रतिपक्षले पूरक बजेटको विकल्प देखाएपनि सम्भावना नभएको बताए । पूरक बजेट ल्याउने अवस्थामा सरकार नरहेको उनको भनाई छ । 'पूरक बजेट सरकार परिवर्तन र संकटको अवस्थामा मात्रै हुन्छ । हामी त्यो अवस्थामा छैनौं ।', ढकालले भने ।

संसदीय समिति सभापतिको विषयलाई सबै दलका सचेतकहरुको कार्यदल बनाएर एक महिनाभित्र निचोड निकाल्ने सहमति बनेको ढकालले बताए । एकवर्षदेखि प्रदेशसभाको पाँचवटा संसदीय समिति सभापतिविहीन छ । ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक सञ्चालन हुँदै आएको छ । पाँच वटा समितिमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सातवटै दलले दाबी गरेपछि सहमति हुन नसकेको ढकालले बताए । आइतबारको छलफल निश्कर्षविहीन टुंगिएपछि १५ फागुन बिहान ८ बजे सर्वदलीय बैठक पुनः बस्ने भएको छ ।

# मौरीपालन पकेट क्षेत्र विकासको तयारीमा बकैया

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ मकवानपुरको बकैया गाउँपालिकालाई मौरीपालन पकेट क्षेत्रको रुपमा विकास गरिने भएको छ । कृषिको विकासलाई प्राथमिकता दिँदै आएको गाउँपालिकाले मौरीपालन पकेट क्षेत्रको रुपमा विकास गर्ने तयारी थालेको हो ।



मौरीपालनको सम्भावना रहेको क्षेत्रका किसानलाई पालिकाले मौरीको घार वितरण गरेर पकेट क्षेत्रको विकास गर्न सुरु गरेको हो । बकैयाको वडा नम्बर ११ स्थित आहालेमा आइतबार पालिकाको वडा नम्बर १०, ११ र १२ किसानलाई १ सय ३३ वटा मौरीको घार वितरण गरेको हो । गाउँपालिकाले यसअघि वडा नम्बर ११ र १२ का किसानलाई लक्षित गरी एक हप्ते मौरीपालनसम्बन्धी तालिम दिएको थियो ।

पालिकाले सेरेना जातको मौरीपालनको लागि ६ लाख ६५ हजार रुपैयाँ बराबरको मौरीघार वितरण गरेको छ । मौरीको घार वितरण गर्दै बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारको कृषिग्राम निर्माणलगायतका कृषिक्षेत्रमा बकैया गाउँपालिकाले गरेको लगानीको प्रसंशा गरे । रोजगारी देश विकासको आधार भएको बताउँदै रोजगारीका लागि उद्यमशीलता आवश्यक भएको उनले बताए ।

'सडक, विजुली, विद्यालयको भवनमा निर्माणलगायत भौतिक पूर्वाधार विकाससँगै दैनिकी चलाउन आर्थिक श्रोत आवश्यक पर्छ ।', मन्त्री चित्रकारले भने, 'उद्यमशीलता र रोजगारीबाट आर्थिक उपार्जन गर्न सकिने भएकोले त्यसको लागि अग्रसर रहनु पर्ने बताए । लगानी भएपछि त्यसको उपलब्धी हुने गरी विकासको कार्य गर्न आवश्यक रहेको उनले बताए । आयआर्जनका लागि उद्यमशीलता, व्यवसायीकरण पनि आवश्यक भएकोले कृषिलाई उद्योगका रुपमा विकास गर्नु अहिलेको आवश्यकता भएको उनको भनाई थियो ।

कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लमिछानेले बकैयामा मौरीपालनको राम्रो सम्भावना रहेको अध्ययनले देखाएको बताए । उनले किसानको आयआर्जन वृद्धिमा सहयोग गर्दै आत्मनिर्भर बनाउन पालिकाले मौरी घार उपलब्ध गराएको जानकारी दिए । पालिकाका किसानले उत्पादन गर्ने कृषिजन्य उत्पादनको बजारीकरणका लागि पालिकाले सहजीकरण गर्ने उनले बताए । उत्पादन भएको महका लागि बजारको समस्या नहुने उनले जानकारी दिए ।

किसानलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्न पालिकाले विभिन्न कार्ययोजना अघि सारेको बताउँदै लामिछानेले मौरीघार वितरण गरिएको क्षेत्रमा फलफूलका बिरुवा समेत वितरण गर्ने योजना रहेको जानकारी गराए । कार्यक्रमका बकैया १० नम्बर वडाध्यक्ष कमलाकुमारी वाईबा, ११ नम्बर वडाअध्यक्ष गोपाल न्यासुर लामा, १२ नम्बर वडाअध्यक्ष ज्ञानेन्द्र बजगाई, गाउँपालिकाका कृषि अधिकृत सचित रिजालगायतको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय पुरुष हेटौंडा रनको तयारी




साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ हेटौंडामा पहिलोपटक खुल्ला राष्ट्रिय पुरुष हेटौंडा रन प्रतियोगिता सञ्चालन हुने भएको छ । बिगत वर्षहरुमा जिल्लास्तरीय प्रतियोगितामा सीमित रहेको हेटौंडा रनलाई चालु वर्षबाट राष्ट्रिय प्रतियोगिताको रुपमा सञ्चालन गर्न लागिएको हो ।

हेटौंडा उपमहानगरपालिकाको सहयोग र नगर खेलकुद विकास समितिको समन्वय तथा व्यवस्थापनमा सञ्चालन हुने प्रतियोगिता फागुन १८ गते हुने आइतबार पालिकामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । हेटौंडाको बुद्धचोकबाट हेटौंडा-५ पिप्ले पुगेर पुनः बुद्धचोकमा आई ५ किलोमिटर लामो दौड पुरा हुने नगर खेलकुद विकास समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा समितिका अध्यक्ष रबिन्द्र घिमिरेले जानकारी दिए ।

दौडमा १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिक सहभागी हुन पाउँने प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र दुई जनालाई क्रमशः ६०, ५०, ४० र प्रोत्साहनस्वरुप दुई जनालाई १०/१० हजार रुपैयाँ पुरस्कार दिइने उपमहानगरपालिका खेलकुद शाखाका प्रमुख बसन्त सिटौलाले जानकारी दिए । प्रतियोगितामा सहभागी हुन चाहनेले फागुन १८ गते विहान ६:४५ बजेसम्म नाम दर्ता गर्नसक्ने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

४ लाख रुपैयाँ बजेट खर्चहुने प्रतियोगितामा १०० जनाको सहभागिता रहने अनुमान गरिएको छ । उपमहानगरको खेलकुद तालिका अनुसार सञ्चालन हुन लागेको प्रतियोगिताका लागि चालु आर्थिक वर्ष २०८०/८१ मा बजेट बिनियोजन गरीएको हो । यससँगै समितिले आगामी दिनमा मेयरकप फुटबल र व्याटमिन्टन प्रतियोगिता सञ्चालन गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

# हेटौंडाबाट ९ जना जुवाडे पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ हेटौंडा उपमहानगरपालिका-५ चिसापानीबाट ९ जना जुवाडे पक्राउ परेका छन् । स्थानीय शोभा कुईकेलको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३५ वर्षीय राकेश शिवाकोटी समेत ९ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले शिवाकोटी बाहेक पक्राउ परेका अन्य ८ जनाको नाम भने खुलाएको छैन । जुवाडे टोलीलाई वडा प्रहरी कार्यालय हेटौंडाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनीहरुलाई नगद ६७ हजार २ सय ८० रुपैयाँ र १ बुक ताससहित पक्राउ गरेको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरि रहेको जनाएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी

## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## निःशुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना

दीर्घायू गुरु हस्पिटल प्रा.लि. चाबहिल मित्रपार्क काठमाडौं, हर्ट फाउण्डेशन हेटौंडा र भुटनदेवी एल्मुनाई एसोसिएसन (भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था) हेटौंडाको संयुक्त आयोजनामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले इच्छुक सेवाग्राहीहरुले मौकाको फाइदा उठाउनुहोला ।
आवश्यकता अनुसार औषधिसमेत निःशुल्क वितरण गरिनेछ ।

**शिविर हुने:**

मिति : २०८० साल फागुन १९ गते शनिबार
स्थान : भुटनदेवी मा.वि. परिसर हेटौंडा-४
समय : विहान ८:०० बजेदेखि

**उपलब्ध हुने सेवाहरु:**

१) स्नायू तथा नशारोग
२) मुटुरोग
३) हाडजोर्नी रोग
४) स्त्री तथा प्रशुति
५) जनरल फिजिसियन

**नाम दर्ता गर्ने स्थानः (फागुन १८ गतेसम्म)**

☞ मंगल पेपर मार्ट, कान्तिराजपथ, हेटौंडा-४
☞ यति ड्रग हाउस, राप्तिरोड, हेटौंडा-१
☞ भुटनदेवी मा.वि., हेटौंडा-४
☞ भुटनदेवी एल्मुनाई एसोसिएसन, (भुटनदेवी मावि), हेटौंडा-४
☞ श्रेष्ठ ट्रेडिङ्ग, टीसीएन रोड, हेटौंडा-१०

आयोजक: **भुटनदेवी एल्मुनाई एसोसिएसन**
(भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था)

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरुः**



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# शिवम्‌को अटेरी र सांसदको सक्रियता

मापदण्डविपरित ओभरबडेन सीधै खोलामा फालेर दर्जन बढी बस्ती जोखिममा पारेको शिवम् सिमेन्ट उद्योगको गैरजिम्मेवारीविरुद्ध प्रतिनिधिसभा सदस्यदेखि गाउँपालिका कार्यालय उत्रिएको छ । सिमेन्ट उतपादन गर्न काम नलाग्ने डिस्पोजल मटेरियल व्यवस्थापन गर्ने जिम्मेवारी उद्योगकै हो । उद्योगले खानी उत्खननको अनुमति लिने क्रममा त्यसबाट निस्कने अनावश्यक मटेरियल व्यवस्थापन गर्ने, वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने, स्थानीयको सामाजिक सांस्कृतिक जनजीवनमा असर नगर्ने जस्ता सम्झौता गरेको हुन्छ । तर, नेपालका अधिकांश खानी उत्खनन् कार्य नियमसंगत भइरहेका छैनन् । त्यसैले खानी क्षेत्रमा स्थानीले उद्योगीलाई अचाक्ली दु:ख दिने गरेका छन् । उद्योगको कमजोरी फेला पारेपछि केही ब्यक्तिलाई कमाइ खाने थलो बनेको हुन्छ खानी क्षेत्र । शिवम् सिमेन्ट उद्योगले मकवानपुरगढी गाउँपालिका-७ को सुकौरा र ८ नम्बर वडाको खोटारमा चुनढुंगा उत्खनन् गर्ने क्रममा सीधै खोलामा ओभरबडेन फाल्दै आएको छ ।

गाउँपालिका कार्यालय दुई पटकसम्म निर्देशन दिँदा पनि ओभर बडेन नहटाई अटेरी गरिरहेको उद्योग शनिवार सांसद महेशकुमार बर्तौला, जिल्ला समन्वय समिति प्रमुख ललित घलान, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, गाउँपालिका निवर्तमानअध्यक्ष बिदुर हुमागाईंसहित सयौंको संख्यामा स्थानीय पुग्दा ओभरबडेन व्यवस्थापनमा लागिरहेको पाइएको छ । अनुगमन आएको जानकारी पाएपछि उद्योगले व्यवस्थापन गर्न लागेको जस्तो नाटक मंचन गरेको स्थानीयले बताएका छन् । ओभरबडेन नहटाएर गाउँपालिकालाई नै हेप्दै आएको शिवम्‌लाई सुधार्न प्रतिनिधिसभा सदस्य बर्तौलासहित गाउँपालिका कार्यालय, वडा कार्यालयदेखि जोखिम क्षेत्रका स्थानीय लागि परेका हुन् । शनिवार सांसद बर्तौलाको नेतृत्वमा पुगेको अनुगमन टोलीसँग शिवम प्रतिनिधिले विभिन्न विषयमा सहमति जनाएको छ । उद्योगले ओभरबडेन व्यवस्थान नगरेपछि खानी बन्द हुने निर्णय गरेको बताइएको छ । खानीबाट निस्किएको र जथाभावी रुपमा खोलामा फालिएको ओभरबडेनलाई तत्काल व्यवस्थित गर्ने, कार्यसम्पन्न नहुँदासम्म खानी उत्खनन कार्य बन्द गर्ने निर्णय भएको बताइएको छ । शिवम् सिमेन्ट उद्योगले प्रभावित क्षेत्रमा बस्ती संरक्षणलगायत सामाजिक उत्तरदायित्वअन्तर्गतका कामहरु गर्ने, आगामी दिनमा पालिकाको नेतृत्वसँग परामर्श, जानकारी र समन्वय गरेर मात्रै खानीसम्बन्धी सम्पूर्ण कार्य अगाडि बढ्ने/बढाउने तथा खानी सञ्चालनसम्बन्धी मापदण्ड र सम्पूर्ण शर्तहरु पूर्ण कार्यान्वयन गरेर मात्र खानी सञ्चालन गर्ने निर्णय भएको जानकारी दिइएको छ ।

वर्षातको समयमा ओभरबडेनले तल्लो तटीय बस्तीमा क्षति पुग्ने हुँदा शिवम्‌ले नियमअनुसार व्यवस्थापन नगरे खानी नै बन्द गराउनुपर्ने अवस्था आउने गाउँपालिकाले बताउँदै आएको छ । बुढीचौर खोलामा खसेको ओभरवडेन बगेर आउँदा मकवानपुरगढी गाउँपालिकाको ७, २, ३, ५ र ६ नम्बर वडाको ३०० बढी घरधुरी र सयौं हेक्टर सिचाईंक्षेत्र जोखिममा पर्ने अवस्था छ । ७ नम्बर वडाको पाङटोल, गीताधर्म, आम्बोटे, भण्डारे, किटिनी, न्यौपानेटार, भुँडेदमार, सातकन्या, कोलदमार, मच्छेडाँडा, वतासेडाँडा, हुलाकदमार, नरसिंडाँडा, जिमरगेबडाडा, थासाटोल लगायत खानी प्रभावित क्षेत्र हुन् । खानीको कारण मकवानपुरगढीको वडा नम्बर २, ३, ४, ५, ६ को सामरी तटका स्थानीय प्रभावित छन् भने वडा नम्बर ८ र ७ का पनि प्रभावित छन् । वडा नम्बर ७ र ८ का स्थानीय बाह्रै महिना धुलोमैलो, ध्वनी प्रदुषण झेल्दै आएका छन् । बर्षायासमा अव्यवस्थित ओभरवडेन बगेर आउँदा खोलाको सतह बढेर खेतियोग्य जग्गा र बस्ती कटानसँगै सिचाईंमा समस्या भएको र शुद्ध खानेपानी समेत पाउन छाडेको स्थानीय बताउँछन् ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १५ गते मंगलबार २७ फेब्रुअरी २०२४ । तृतीया, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:३२, सूर्यास्त ६:०२ । राष्ट्रिय मगर दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : गरेको कार्यमा सफलता मिल्नेछ | तुला | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| वृष | : नयाँ कार्ययोजना बन्नेछ | वृश्चिक | : योजना कार्यान्वयन हुनेछ |
| मिथुन | : आकस्मिक लाभ हुनेछ | धनु | : व्यापार राम्रो चल्नेछ |
| कर्कट | : राम्रो अवसर गुम्नेछ | मकर | : घर परिवारमा मेलमिलाप हुनेछ |
| सिंह | : खर्च र दु:ख बढ्नेछ | कुम्भ | : मनमा शङ्का बढ्नेछ |
| कन्या | : मीठो खाने अवसर मिल्नेछ | मीन | : सञ्चित धन खर्च हुनेछ |

# किन अत्यावश्यक छ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ?



✍ रिसव गौतम

२०७९ पुस १७ गते प्रधानमन्त्री प्रचण्डले पोखरामा निर्माण सम्पन्न पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटनका क्रममा 'निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण छिटै अघि बढ्ने' बताएका थिए । प्रधानमन्त्रीको सो उद्घोषले चौतर्फी स्वागत पायो, तर प्रधानमन्त्रीको महत्त्वपूर्ण स्टेटमेन्टको एक वर्षबिच पनि यस आयोजनाको निर्माण सुरु हुन सकेको छैन ।

निजगढ विमानस्थल बनाउन सरकार द्वारा २०७१ मा गरिएको निर्णयविरुद्ध वातावरणका पैरवीकर्ताले मुद्दा हालेपछि १२ जेठ २०७९ सालमा सर्वोच्चले खारेज गरेको थियो । अदालतको फैसलाको पूर्णपाठले विज्ञसमूह बनाएर निजगढको विकल्प खोज्न वा त्यहीँ बनाउने भए वन क्षेत्रको न्यून जग्गा समावेश हुने गरी निर्माण थाल्न भनेको थियो । सोसँगै बनेको विज्ञ समूहको प्रतिवेदनका आधारमा मन्त्री परिषद्‌को बैठकले विमानस्थल निर्माणका लागि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको थियो । हवाई पूर्वाधारविज्ञ वीरेन्द्र देउजाको संयोजकत्वमा बनेको विज्ञ समूहले गरेको अध्ययनले निजगढ विमानस्थल सरकारले आफ्नै स्रोतबाट बनाउन सक्ने र नागरिक उड्डयन प्राधिकरणको अहिलेकै आम्दानी पर्याप्त हुने निष्कर्ष निकालेको थियो । दुई चरणमा बनाइने आयोजनाको पहिलो चरणको लागत जम्मा एक खर्ब ५९ अर्ब हुने उनीहरूको निष्कर्ष छ । विज्ञ समूहको प्रतिवेदन अनुसार पहिलो चरणमा एक हजार नौ सय हेक्टर र दोस्रो चरणमा विस्तार गरी तीन हजार ८४५ हेक्टर जग्गामा विमानस्थल बनाउन सकिनेछ ।

सरकारले यस आयोजनाको निर्माण थाल्ने निर्णय गत कात्तिकमा मन्त्रीपरिषद्‌बाट नै पारित गरेको हो । बहुआयामिक महत्त्वको 'निजगढ अन्तर्राष्ट्रिय विमानस्थल' बनाउन अहिलेको सरकार सकारात्मक मात्र नभएर संवेदनशील नै देखिन्छ । देशकै अर्थतन्त्रलाई कायापलट गर्न सक्ने सर्वाधिक चासोको यस आयोजनाको काम भने अघि बढेको छैन ।

देशैभर सर्भे गर्दा २५ वर्षअघि नै अन्तर्राष्ट्रिय विमानस्थलको उपयुक्त स्थान निजगढ ठहरिएको थियो, तर त्यसलाई भाँजो हाल्न वातावरणविद् भन्नेहरूदेखि राजनीतिका माखेसाङ्लाहरूसम्म लागे । त्यसैको पराकाष्ठास्वरूप निजगढ विमानस्थल हालसम्म अलपत्र छ । वातावरणको पक्षमा वकालत गर्नेहरूले वातावरण विनाशको मुद्दालाई ओराल्दै सर्वोच्च अदालतमा मुद्दा हालिएबाट यस आयोजना बनाउने कार्य धेरै वर्ष रोकियो । यद्यपि उनीहरूको स्वार्थ सर्वोच्चकै पूर्ण आदेशले धुलिसाथ भइसकेको छ ।

**किन अत्यावश्यक ?**

राष्ट्रिय स्तरको, आम मानिसको जीवन र तराईको ठुलो जनघनत्वसँग जोडिएको, काठमाडौं-तराई द्रूतमार्गसँग अन्योन्याश्रित सम्बन्ध रहेको यस आयोजना निर्माणमा सरकारले बिजुलीको गति समाउन आवश्यक हुन्थ्यो, तर त्यो भइरहेको छैन ।

अहिले खासगरी आयोजना बन्नुपर्छ, देशको चौतर्फी हितमा विमानस्थल छ, समृद्धिका हिसाबले अझ महत्वपूर्ण छ भन्नेमा एकाधबाहेक सबै राजनीतिक दल एकमत छन् । आयोजना स्थलका बासिन्दाले पनि आयोजना अघि बढाइनुपर्ने माग गर्दै दबाबमूलक आन्दोलन गर्दै आइरहेका छन् । अधिकांश विकासप्रेमी नेपालीहरू निजगढ विमानस्थल रोकिनु हुँदैन, यसको निर्माणका क्रममा कतिपय समस्याको समाधान खोज्दै अघि बढ्नुपर्छ भन्नेमा एकमत देखिन्छन् । भलै आयोजना प्रभावित क्षेत्र टाँगिया बस्तीका जनता आफ्ना माग पनि पूरा होऊन् भन्ने चाहना राख्छन् । यसरी आम जनता काठमाडौं-निजगढ फास्ट-ट्र्याकको जुम्ल्याहा यस आयोजनालाई कुनै पनि हालतमा सम्पन्न गर्नुपर्छ भन्ने मान्यता राख्छन् ।

हालसम्म निजगढ विमानस्थलका लागि सरकारले नौ वर्षमा नौ अर्ब बजेट विनियोजन गरिसकेको छ । बजेट विनियोजन गर्न थालिएको यस अवधिमा २ अर्ब १५ करोड निकासा भएको र १ अर्ब ११ करोड खर्च नै भइसकेको नागरिक उड्डयन प्राधिकरणको अभिलेख छ ।

सरकारले निजगढ विमानस्थल निर्माण स्थलको ११० बिघामध्ये ७० बिघा जमिनको मुआब्जा दिइसकेको छ । बाँकी ४० बिघा जग्गाको मुआब्जा प्रक्रिया अघि बढिसकेको छ । यसरी निर्माणकै चरणमा प्रवेश गरेको र राज्यको निकै ठुलो धनराशि खर्च भइसकेको आयोजना ढिलाइ हुनुहुँदैन भन्ने आवाज चौतर्फी उठेका छन् ।

निजगढ विमानस्थल धेरै हिसाबले अरु विमानस्थलभन्दा बढी महत्त्वपूर्ण देखिन्छ । कतिपयले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनिसकेको र सो एयरपोर्ट चल्न नसकिरहँदा सेतो हात्ती पाल्ने गरी निजगढमा फेरि किन बनाउने भनेर प्रश्न गरिरहेका देखिन्छन् । तर निजगढ अन्तर्राष्ट्रिय विमानस्थल पोखराजस्तो हुँदै होइन । यो त व्यस्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पनि विकल्प हो । यसलाई विश्वस्तरको बनाउन लागिएको हो । फेरि निजगढ अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट निकै नजिक छ । फास्ट-ट्र्याक सम्पन्न हुनेबित्तिकै सडक मार्गबाट निजगढ पुग्न एक घन्टा मात्र लाग्नेछ । पोखरा विमानस्थल खासगरी पर्यटकलाई लक्षित गरी बनाइएको हो । सो विमानस्थल अलिक जटिल भौगोलिक अवस्थितिमा छ । निजगढ विमानस्थल बादल लागिरहेको अवस्थामा पनि 'जिरो भिजिबिलिटी'मा उडान तथा अवतरण गर्न सकिनाले नेपालको एयर स्पेस बढ्नेछ । जसले आपत्कालीन उडानहरू सहज गराउनेछ ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई विश्वस्तरको सुविधासम्पन्न बनाइँदा यसले कम्तीमा आगामी ५० वर्ष ट्राफिक चाप धान्न सक्ने दाबी गरिएको छ । निजगढ विमानस्थल पूर्ण रूपमा चल्दा वार्षिक ६ करोड यात्रु थेग्न सकिने आकलन गरिएको छ, उता पर्यटनसँग बढी सरोकार राख्ने पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले वार्षिक २० लाख यात्रु धान्ने बताइन्छ । त्यसकारण पोखरा र निजगढ विमानस्थल फरक-फरक उद्देश्य तथा दृष्टिकोणका रूपमा दुवै उत्तिकै महत्वपूर्ण छन् ।

विकास भएन पनि भन्ने अनि बनेका पूर्वाधार बेकार भए, नयाँ बनाउनु पनि हुँदैन भन्ने भएपछि त्योभन्दा मूर्खतापूर्ण अरु के हुन सक्छ ? पैसा विनिमयको साधन हो । राज्यले अथवा व्यक्तिले पैसा जति पनि कमाउन सक्छन्, तर बेलैमा जनताले पाउने आधुनिक सुविधा र विकास नदिइनु न्यायोचित होइन । संसारका कस्ता-कस्ता जटिल भूगोलहरूमा अन्तर्राष्ट्रिय विमानस्थल बनेका छन् । त्यस्ता विमानस्थलले ती ठाउँमा कल्पनै नगरिएका सम्भावना कोरलेका छन् ।

वातावरणप्रेमीले के बुझ्न् जरुरी छ भने नेपालमा ४४ प्रतिशत जमिन जंगलले ढाकिएको छ । त्यसमा पनि मधेसको जम्मा भू-भागमध्ये विमानस्थलले ओगट्ने भनेको ०.२ प्रतिशत हो । मुलुक नै भूपरिवेष्ठित र जटिल भूगोलमा अवस्थिति छ । हामीले विश्वलाई नै चिसो हावा बाँड्न सक्ने अग्ला हिमालहरू, महाभारत पर्वतहरू र तराईका घनाजंगल जोगाएका छौं । त्यसमा हामी गर्व गर्छौं । तर वातावरण संरक्षण र पर्यावरण विनाशको चिन्ता गर्ने विश्वका उच्चकोटिका धनी देशहरूले के हामीले वातावरण जोगाएबापत क्षतिपूर्ति दिएका छन् ? ग्लोबल वार्मिङका नाममा ठुल-ठुला सेमिनार गर्ने, ठुलो धनराशि जम्मा गर्ने मुलुकहरूले वातावरण जोगाउने हाम्राजस्ता मुलुकलाई वातावरण जोगाइदिएबापत किन दिँदैनन् इनाम ? के हामीले वातावरण जोगाइरहने र उनीहरू भौतिक विकासको सगरमाथा चढिरहने हो ? कतिपय एनजिओहरूले रूख-बिरुवाका नाममा, वातावरणको नाममा डलर पचाएका छन् । त्यसकारण तिनका कुरामा सरकार पछि लाग्न हुँदैन ।

वातावरणका नाममा होहल्ला मच्चाउने डलरजीवीहरू यस आयोजनाविरुद्ध हात धोएर लागेका छन् । बारम्बार कुतर्कहरूको सँगालो बनाएर लेखहरू छपाएका छन् । बजार हल्ला पिटेका छन् । सामाजिक सञ्जालमा फोहोर गरेका छन् ।

आज दुई दशकभन्दा अघिदेखि बनाउने भनेर जनतालाई सपना देखाइएको, नौ वर्षदेखि निरन्तर बजेट विनियोजन गरिएको, मुआब्जा वितरण कार्य करिब सकिन लागेको र राज्यले झन्डै २ अर्ब खर्च गरिसकेको यस आयोजना अल्झाइरहनु राम्रो होइन । प्रधानमन्त्री प्रचण्डले जसरी गौरवपूर्ण उद्घोष गरे, यसैगरी रफ्तारमा कार्य अघि बढाउन जरुरी देखिन्छ ।

खासगरी निर्माणाधीन काठमाडौं-निजगढ फास्ट्र ट्र्याकको पूरक आयोजनाको रूपमा लिइएको निजगढ विमानस्थल लोकेसनका हिसाबले पनि सबैलाई मान्य छ । निजगढ विमानस्थलले तराईलाई बढो गज्जबसँगले जोड्ने र पहाड तथा तराईको समृद्धिलाई मिलाउने कारण पनि यसप्रति धेरैले उत्साह देखाएका छन् ।


विकासले जनसंख्याको ठुलो हिस्सालाई समेट्नुपर्छ । निजगढमा बन्ने विमानस्थलले मुलुककै ठुला सहर वीरगन्ज, विराटनगर, जनकपुर, हेटौंडा लगायतलाई जोड्छ । त्यहाँका लाखौं मानिसलाई सुविधा दिन्छ । भारतसँग हुने खर्बौंको व्यापार ट्रान्जिट वीरगन्ज नजिकैको निजगढमा बन्ने विमानस्थल र फास्ट ट्र्याकले राज्यको अर्बौं ढुवानी लागत कम गर्छ । काठमाडौंको 'वयर हाउस'को समस्यालाई निजगढले समाधान गर्छ । त्यसकारण यसको निर्माण तीव्र गतिमा हुनुपर्छ ।

खासगरी नेपालमा जति आयोजना बनेका छन्, ती आयोजना निर्माणपूर्व वातावरणमा पर्ने दीर्घकालीन प्रभावको अध्ययन-मूल्याङ्कन गरेको प्राय: देखिँदैन । त्यसको मिहीन विश्लेषण र खण्डन कुन डलरजीवीले गरेका होलान् र ? नेपालमा अरु कैयौं आयोजना छन्, जसमा बनाउनका लागि मात्रै वातारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बनाइएका छन् । निजगढ विमानस्थल नबनाइयोस् भन्नेले ती प्रतिवेदनको मिहीन विश्लेषण गरेका होलान् ?

नेपालमा वातावरणको सर्लक्कै विनाश निजगढ विमानस्थलले मात्रै गर्दै छ ? आज कतिपय स्थानमा बेमौसमी बाढी आएका छन्, त्यसमा कृत्रिम विकासको दोष कसैले देख्यो ? निजगढमा मात्रै किन खनिए कथित बुद्धिजीवीहरू ? त्यसकारण निजगढ विमानस्थल निर्माण प्रक्रिया नरोक्ने अदालतको पछिल्लो आदेश र यसलाई बनाइछाड्ने प्रधानमन्त्रीको अठोटले आशा केही जगाएको छ । बहुप्रतिष्ठित यस आयोजनाको विद्युतीय गतिमा निर्माण गरिन आवश्यक छ ।

*(साभार: रातोपाटी)*

# अख्तियार र विशेष अदालत तातेकै हो त ?



✍ बालकृष्ण मैनाली

गएको माघको अन्तिम हप्ता र फागुनको पहिलो हप्ता खबर बजारहरुमा गर्माएका खबरहरु अनि केही महत्वपूर्ण व्यक्तिहरुका अन्तर्वार्ताहरुले प्राय: जनजनलाई विशेष गरेर भ्रष्टाचार र भइरहेको न्यायिक विचलनको सवाललाई कतै न्यूनीकरण गराउन योगदान पुगिहाल्छ कि भन्ने आसयबाट प्रभावित हुन पुगेको अनुभूति हुन पुग्यो ।

अन्तर्वार्ताहरुबाट र विशेष अदालको पछिल्लो आदेशबाट केही सकारात्मक सन्देश प्रवाहित भएको कारणले जनजनलाई उत्साहित बनायो । हालै देशमा न्यायिक विचलन र भ्रष्टाचार न्यूनीकरणको लागि सतहीमा नै देखा पर्न आएका केही घटना-परिघटनाहरुलाई प्राथमकितामा राख्दा के साँच्चै देशमा सुशासन कायम गर्ने दिशामा देश अगाडि बढ्न खोजेको हो ? भन्ने झीनो संकेत पक्कै प्राप्त भएको छ ।

ललिता निवास, नक्कली भुटानी शरणार्थी र सुन प्रकरण गरी तीनवटा प्रकरणहरु पछिल्लोपटक मुख्यरुपमा ज्यादै चासोका विषय बनेका थिए र त्यसको निरन्तरता यद्यपि जारी नै छ । यी विषयहरुलाई लिएर एक-अर्कामा हुने र भइरहने आरोप-प्रत्यारोपले पुन: शिर उठाएर अस्वाभाविकरुपमा तँछाड-मछाड गरिरहेको सबैका सामु छर्लंग नै छ ।

यी माथि उल्लिखित घटनाहरुलाई लिएर जनजनलाई वास्तवमै सत्यतथ्य के हो ? कहिले खुलासा हुन्छ ? सत्यतथ्यमा सरोकारवालाहरुको इमानदारितामा कहिलेसम्म दिग्भ्रमित र शंका गरिरहनुपर्ने हो भन्ने खुल्दुली लागिरहेको बेला सानै रुपमा भए पनि भ्रष्टाचारमा दलहरुको भूमिका अझ विशेष गरी राजनीतिक व्यवसायीहरुको भूमिकाबारे अख्तियार प्रमुखको अन्तर्वार्ता र विशेष अदालतको पछिल्लो निर्णयले जनजनमा झीनोरुपमा भए पनि भविष्यमा अब भ्रष्टाचार नियन्त्रणमा सार्थक सम्बोधन होला कि भन्ने आशाको त्यान्द्रो पलाउने काम गरेको छ ।

प्रत्येक दलका नेतृत्वहरुले सदैव जनतालाई झुक्याउने मात्र कार्यहरु गरिआएका र नेतृत्वहरुले विगतमा अपनाएका कुशासनका शैलीले जनजन आजित भैरहेका बेला अनि झुक्किएर पनि दलका नेतृत्वले कुनै राम्रो काम वा उदाहरणका लागि भ्रष्टाचार वा बेथितिका विरुद्ध लागिपर्छु भन्दै आफ्नो आत्मालाई शुद्धीकरण गरेर अगाडि बढ्न खोजेमा पनि जनजनले तत्काल विश्वास गरिहाल्ने पक्षमा नभएको अवस्थामा यी दुवै क्षेत्रबाट भ्रष्टाचारीविरुद्ध लागिपर्ने प्रतिबद्धता र आदेश आउनु राम्रो लक्षण हो ।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीले ललिता निवासबारे विशेष अदालतको पछिल्लो फैसलालाई निर्भिक फैसलाको संज्ञा दिनुहुँदै उक्त विशेष अदालतको पछिल्लो फैसलाले अपराध सधैँ लुकाउन सकिँदैन भन्ने कुरालाई प्रमाणित गरेको छ भन्नुभएको छ, जुन सोह्रै आना सत्य हो । यसको साथै सबै न्यायाधीश घुस्याहा पनि हुँदैनन्, अदालतमा चाहेमा न्याय किनबेच हुँदैन र पैसा हुने धनी र गरिबमा पनि कुनै भेदभाव हुँदैन भन्ने सन्देश पनि विशेष अदालतको पछिल्लो फैसलाले दिएको छ । यसलाई एउटा नमुनाको रुपमा ग्रहण गरेर अन्य सरोकारवालाहरुले यसलाई आत्मसात् गर्दै लगे भने पक्कै पनि देशमा भ्रष्टाचार न्यूनीकरणमा ठूलो सघाउ पुग्न जानेछ भन्ने कुरामा विमति छैन ।

भ्रष्टाचार न्यूनीकरणमा अर्को महत्वपूर्ण पाटो भनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले यही पत्रिकालाई दिएको अन्तर्वार्तामा व्यक्त गर्नुभएको प्रतिबद्धता हो । देशमा सुशासनको लागि मुख्य नेतृत्वहरु सच्चिनै पर्ने कुरा आफ्नो अन्तर्वार्तामा बताउनुभएको छ । प्रत्येक राष्ट्रसेवकले ऐन नियम र कानुन अनुसार काम नगरिदिँदा भ्रष्टाचार मौलाएको कुरालाई इंगित गर्दै संघीयता लागू भएपश्चात् बनेका तीनवटै सरकारहरुले यो पाटोमा आ-आफ्नो जिम्मेवारीहरुलाई गम्भीरतापूर्वक लिइनुपर्ने बताउनुभएको छ ।

देशमा गणतन्त्र स्थापनापछि विशेष गरी (प्रदेओ) अर्थात् प्रचण्ड, देउवा र ओलीले नै अधिकांश समय शासन सत्ता सम्हालेका छन्, चाहे एउटै दलले चलाएको सरकार होस् वा संयुक्त सरकार होस् वा गठबन्धनकै सरकार किन नहोस्, अथवा झन्डै दुई तिहाइको सरकार किन नहोस्, आफू-आफूले सत्ता हातमा लिएका बेला यी तिनैजनालाई कहाँ-कहाँ र कुन-कुन क्षेत्रमा कसरी भ्रष्टाचार भएको छ वा गरिएको छ भन्नेमा र त्यस कार्यमा को-को संलग्न छन् वा आफू पनि स्वार्थवश कति हदसम्म संलग्न छु भन्ने कुराको जानकारीचाहिँ नभएको पटक्कै होइन । मात्र कारबाही गर्ने सवालमा एकले अर्काको हात बाँध्ने काम गरेकाले नै आजसम्म जनजनले दुर्नियतपूर्ण भैरहेका थरी-थरी र हुने गरेका थरी-थरीका भ्रष्टाचारी अवशेषहरुलाई बाध्य भएर टुलुटुलु मुकदर्शक भई त्यसको पीडा भोगिरहनुपरेको हो ।

वास्तवमै भ्रष्टाचारीविरुद्ध कठोररुपमा कार्यवाही गर्न कोही तगारो भएर बसेका छन् भने त्यो तगारो हटाउनै पर्छ, त्यसको लागि हरेक निकायमा हुने भागवण्डे नियुक्तिदेखि लिएर स्वार्थमा लिप्त भई गरिने राजनीतिक कर्महरुलाई नियन्त्रण गर्नै पर्दछ । त्यस किसमको राजनीतिक कर्म व्यवहारमा लागू गर्न त गाह्रो त छ तर चाह्ययो भने प्रधानमन्त्रीलगायत कुनै पनि दलको नेतृत्वलाई कुनै पनि समस्या हुँदै हुँदैन र छैन पनि ।

बेलाबेलामा विभिन्न दलहरुबाट प्रधानमन्त्री छनौट भएकाहरुबाट विशेष गरी प्रदेओहरुबाट व्यक्त भएका अभिव्यक्तिहरु आलोच्यको घेराबाट अहिले पनि मुक्त हुन सकेका छैनन् मात्रै होइन, आफ्नो अभिव्यक्तिको आलोचना गर्ने पात्रहरुलाई प्रधानमन्त्री तहमा रहेका व्यक्तिले सरकारको पद नै खोस्न आएको जस्तो अनुभूति गरी कडा प्रहार गर्ने जमर्को पनि हुँदै आएको छ ।

'सरकार अब घर-घरमा भेटिन्छ' भन्ने नारा घन्काएको धेरै भएको छैन तर व्यवहारमा सरकार घर-घर पुग्ने त परै जाओस्, कहिलेकाहीँ अप्ठ्यारो परेका बेलामात्रै भेटिदिए पनि धेरै गुण मान्थे जनजनले । प्रत्येक वर्ष मनाइने गरिएको भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि मनाउने कार्य गरिन्छ । प्राय: अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अन्य निकायहरु र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतको सहभागितामा संयुक्तरुपमा आयोजना गरिने उक्त दिनको कार्यक्रममा प्रधानमन्त्रीलगायत अन्य वक्ताहरुले आफ्नो भनाइ राख्ने गर्छन् ।

देशमा थामी नसक्नु भ्रष्टाचार रहेको यथार्थतालाई स्वीकार गर्ने गर्छन् । भनाइ सत्यताको कसीमै भएकोमा विवाद छँदै छैन, तथापि जुनसुकै दलको सरकारले नेतृत्व गरेको भए तापनि विषयलाई उठाउने कामचाहिँ तदारुकताका साथ हुन्छ तर अर्थपूर्णरुपमा सम्बोधनचाहिँ हुँदै हुँदैन । के कारणबाट भ्रष्टाचार न्यूनीकरणमा सम्बोधन हुन नसकेको हो, यो कुराचाहिँ कुनै पनि दलको प्रधानमन्त्रीले कहिल्यै सार्वजनिक गर्ने हिम्मत गर्दैनन्, किन ? प्राय: जनताको चासोचाहिँ यसैमा छ ।

यदाकदा कहिलेकाहीँ बडो फूर्तिसाथ भ्रष्टाचारको अन्त्य निमेषभरमै गर्ने हो कि जस्तो गरेर कार्यक्रमहरु सार्वजनिक नहुने पनि होइनन्, सार्वजनिक मात्र होइन, त्यससँग सम्बन्धित केहीलाई नियन्त्रणमा लिई कार्यवाहीको दायरामा ल्याइएको पनि हुन्छ । त्यसको प्रचारप्रसार पनि जोडतोडले गरिन्छ । अन्तत: 'हात्ती आयो हात्ती आयो फुस्सा' भनेझैं पछि गएर सामसुम हुन जान्छ । किन यस्तो हुन्छ ? को छ सरकारभन्दा पनि शक्तिशाली ? हो यही कुरालाई वास्तविकरुपमा सम्बोधन गर्न जहिले पनि छुटिरहेको हुन्छ ।

कहिलेकाहीँ नेतृत्वले आफ्नो भनाइ राख्दा ठूला-ठूला रकमकलम लगायत नीतिगत भ्रष्टाचारमा को-को संलग्न छन् भन्ने कुराको जानकारीचाहिँ हुँदाहुँदै पनि कारबाही गर्न हात बाँधिदिएकाले नसकेको हो भन्नेसम्मका कुराहरु सार्वजनिक गरिन्छ ।

*क्रमश: पृष्ठ-३....*

# कृषिमन्त्रीको लहडमा कानूनविपरीत दूध आयात प्रतिबन्ध



काठमाडौं/सामान्यतया मुलुकले कुनै पनि वस्तुको आयात प्रतिबन्धको निर्णय गर्दैन । र, गर्नैपर्ने भएमा नेपाल सरकारले निर्णय गरी नेपाल राजपत्रमा प्रकाशित भएपछि मात्रै त्यो लागू हुने निकासी पैठारी नियन्त्रण ऐन २०१३ मा व्यवस्था छ । तर, कृषिमन्त्री डा. बेदुराम भुसालले कानूनले नै नदिएको अधिकार प्रयोग गरी मन्त्रीस्तरीय निर्णय गरी दूध र दुग्धजन्य पदार्थको आयात 'प्रतिबन्ध' लगाइदिएका छन् ।

गत २ फागुनमा उनले दुग्धजन्य पदार्थको आयात प्रतिबन्धको निर्णय गरी कार्यान्वयनका लागि मातहतका कार्यालयहरुलाई परिपत्र पनि गरिसकेका छन् । 'दूध तथा दुग्धजन्य पदार्थको बढ्दो आन्तरिक उत्पादनसँगै आन्तरिक खपत (उद्योगको समेत) सोहीअनुरुप हुन नसक्ने, बाह्र्य मुलुकमा सम्भाव्य वस्तुहरुको निर्यात हुन नसक्नु र निरन्तर आयातका कारणले आन्तरिक दूध तथा दुग्धजन्य पदार्थको अत्यधिक मौज्दात हुन गई सृजना भएको परिस्थितिका कारणले नेपाली उद्योग सञ्चालन गर्न कठिन भएको भन्दै आयात बन्द गर्नुपरेको मन्त्री डा. भुसालले गरेको मन्त्रीस्तरीय निर्णयमा भनिएको छ ।

साथै, कृषकले दूध तथा दुग्धजन्य पदार्थको विक्री भएको उपजको समेत भुक्तानी पाउन नसकेको विषयलाई सम्बोधन गर्नसमेत आयात प्रतिबन्धको निर्णय गरिएको मन्त्रीले उल्लेख गरेका छन् । त्यति मात्रै होइन, 'कृषक तथा स्वदेशी उद्योगहरुको संरक्षणका लागि आवश्यक पहल गर्नसमेत आवश्यक देखिएकाले 'दूध तथा दुग्ध उत्पादनको सेफगार्डस्, एन्टी डम्पिङ तथा काउन्टरभेलिङ सम्बन्धमा अध्ययन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गर्ने साथै हाल देखिएको समस्याको अस्थायी समाधानका लागि तपशिल बमोजिमका दुध तथा दुग्धजन्य पदार्थ आयात गर्न अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने' भन्ने बेहोराको निर्णय मन्त्री भुसालले गरेका छन् ।

त्यति मात्रै होइन, मन्त्रीले गरेको निर्णय कार्यान्वयनका लागि भन्दै उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि मन्त्रालय अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई पत्र नै पठाएका छन् ।

किसान तथा उद्योगको संरक्षणको नारा दिएर मन्त्री भुसालले कानूनले नै नदिएको अधिकार प्रयोग गरेर निर्णय गरेको देखिन्छ । निकासी पैठारी नियन्त्रण ऐन २०१३ को दफा ३ मा 'कुनै वस्तुको निकासी वा पैठारीमा मनाही वा नियन्त्रण गर्न आवश्यक छ भन्ने लागेमा नेपाल सरकारले सूचित आदेशद्वारा त्यस्तो वस्तुको निकासी वा पैठारीमा शर्त वा निश्चित अवधि तोकी वा नतोकी मनाही गर्न वा पूर्ण वा परिमाणात्मक बन्देज लगाउन सक्नेछ,' भन्ने व्यवस्था गरेको छ ।

ऐनको यो व्यवस्था अनुसार आयात प्रतिबन्धका लागि दुईवटा शर्त पूरा हुनुपर्छ । पहिलो- यस्तो निर्णय नेपाल सरकार अर्थात् मन्त्रीपरिषद्ले गर्नुपर्छ र त्यस्तो निर्णय नेपाल राजपत्रमा सूचित आदेशका रुपमा प्रकाशित गर्नुपर्छ ।

दुई वर्षअघि सरकारले केही विलाशी सामानको आयात प्रतिबन्ध गर्दा पनि यही व्यवस्थाअनुरुप गरेको थियो । तर, मन्त्री भुसालले दुग्धजन्य पदार्थमा सिन्डिकेट चलाइरहेका उद्योगीहरुको प्रभावमा कानूनका यी दुवै व्यवस्थाको उल्लंघन गरेका छन् ।

मन्त्रीले गरेको सो निर्णय देखेर आश्चर्यचकित बनेको नेपाल सरकारका एक उच्च अधिकारीले बताए । 'हुन त मन्त्रीले गरेको निर्णयका बारेमा हामीले बोल्ने कुरा भएन तर उहाँले कानूनले नै नचिन्ने किसिमको निर्णय गर्नुभयो । यस्तो निर्णय गरेपछि लोकप्रिय भइन्छ भन्ने लोभले होला,' ती अधिकारीले बताए ।

मन्त्रीले गरेको सो निर्णय कार्यान्वयन पनि हुन नसक्ने उनले बताए । 'त्यो निर्णयको कानूनी हैसियत नै छैन, त्यो निर्णय कार्यान्वयनयोग्य पनि छैन,' उनले भने । दूध र दुग्धजन्य पदार्थको आयात निरुत्साहित गर्ने अन्य अनेक उपाय हुँदाहुँदै मन्त्री भुसालले आयात नै प्रतिबन्ध गर्ने निर्णय गरेर मुर्खतापूर्ण काम गरेको उनले बताए । 'उदाहरणका लागि सदूरपश्चिमको चाँदनी दोधारा नाकाबाट मात्रै आयात गर्न पाउने व्यवस्था गरेर निरुत्साहित गर्न सकिन्थ्यो, वा यो यो मापदन्डको मात्रै आयात गर्न पाइन्छ भन्ने व्यवस्था गर्न पनि सकिन्थ्यो, तर मन्त्रीले बाणिज्य मन्त्रालयसँग पनि छलफल नगरी जुन निर्णय गर्नुभयो, त्यसले नेपालको अन्तर्राष्ट्रिय व्यापारमा दूरगामी असर पर्छ,' उनले भने ।

भारतले पनि बेलाबेलामा गैरभन्सार अवरोधहरु सृजना गरी नेपालबाट आयात निरुत्साहित गर्दै आएकोमा गर्नै पर्ने भए पनि त्यसै गर्नुपर्नेमा उल्टो काम भएको उनले बताए । 'हामीले भारतसँगको वार्तामा गैरभन्सार अवरोधसम्बन्धी विषयलाई निकै गम्भीरताका साथ उठाउने गरेका छौं,' उनले भने, 'यस्तो अवस्थामा नेपालको कानून र नेपाल-भारत बाणिज्य सन्धिविपरीत हुने गरी मन्त्रीले नै आयात प्रतिबन्धको निर्णय गरिदिएपछि त्यसले मुलुकलाई नै कमजोर बनाउने भयो ।' जसलाई जे गर्न मन लाग्यो, त्यो गरिहाल्ने किसिमको शासकीय अभ्यासले मुलुक अघि बढ्न नसक्ने उनले बताए ।

कृषि मन्त्रालयबाट दूध तथा दुग्धजन्य पदार्थमा एन्डीडम्पिङ, काउन्टरभेलिङलगायतका शुल्क लगाउनेबारे अध्ययन गर्न भनेर पत्र प्राप्त भएको बाणिज्य मन्त्रालय स्रोतले जानकारी दियो । 'त्यस्तो शुल्क लगाउन पनि अर्को मुलुकले ठूलो मात्रामा अनुदान दिएको, हाम्रोमा त्यस्तो सामान डम्पिङ गरेको प्रमाणित गर्नुपर्ने हुन्छ,' बाणिज्य स्रोतले भन्यो ।

भन्सार विभागमा भने त्यस्तो कुनै पत्र प्राप्त नभएको एक उच्च अधिकारीले बताए । 'तर, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जाँचपास नगरीकन भन्सार पास हुँदैन, त्यसो हुँदा कृषिले नै जाँचपास नगरेको भने हुनसक्छ,' ती अधिकारीले भने ।

**कृषिमन्त्रीको आयात प्रतिबन्धको सूचीमा के के छन् ?**

कृषि मन्त्रालयले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई पत्राचार गरेर चिल्लो हटाइएको दूध (स्किम्ड मिल्क), चिनी तथा गुलियो पदार्थ नहालिएको, डेरी पाउडर, मिल्क पाउडरमा पूर्ण पैठारी प्रतिबन्ध लगाउने भनेको छ ।

यस्तै नौनी, घ्यू, छुर्पी, प्रशोधित, भुजुरी, धुलो नपारेको चिज र अन्य प्रकारका चिजहरु पनि आयातमा रोक लगाउन मन्त्रालयले विभागलाई परिपत्र गरेको छ ।

**कृषि मन्त्रालय भन्छः आन्तरिक खपत बढाउन गृहकार्य**

दूध विक्री नभएर किसानले सडकमै दुध पोखेर आन्दोलन गर्न थालेपछि मन्त्रालयले आन्तरिक खपत बढाउन गफकार्य थालेको दाबी गरेको छ । दुध किसानले भुक्तानी नपाएको, दुग्धजन्य पदार्थको स्टक विक्री नहुँदा समस्या भइरहेको भन्दै संसद मै आवाज उठिरहेको सन्दर्भमा मन्त्रालयले यस्तो निर्णय गरेको कृषि मन्त्रालयले जनाएको छ ।

'आन्तरिक खपत हुन नसकेको विषय र दुधजन्य पदार्थको मौज्दात खपत गर्नको लागि अन्य देशबाट आयातलाई कसरी कडाई गर्न सकिन्छ गरिदिन हामीले छलफल गरेका थियौं,' कृषि तथा पशुपक्षी मन्त्रालयकी प्रवक्ता शवनम शिवाकोटीले भनिन् । मन्त्रालयले केहि दिन अगाडि नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी बलका नेतृत्वलाई बोलाएर दुधजन्य पदार्थको खपत बढाउन भनेको थियो ।

'मन्त्रीज्युले कार्यकक्षमै बोलाएर सुरक्षा निकायका कर्मचारीलाई डाइटमा दुधजन्य पदार्थ दिन, भारतबाट हुने गैरकानुनी पैठारी रोक्न निर्देशन दिनुभएको छ । मन्त्रालयले आन्तरिक खपत कसरी बढाउन सकिन्छ भनेर अरु प्रयासहरु पनि गरिरहेको छ,' उनले भनिन् । तर, आयात प्रतिबन्ध लगाउने निर्णय चाहिँ राजपत्रमा सूचना प्रकाशित नभई कार्यान्वयन नहुने उनले बताइन् । *(स्रोत: अनलाइनखबर)*

# 'सिटामोल'मा जनयुद्धको घाइतेको भूमिकामा सौगात



काठमाडौं/फिल्म 'झ्यानाकुटी'पछि अभिनेता सौगात मल्ल र अभिनेत्री बेनिशा हमालले फेरि एकसाथ फिल्म 'सिटामोल'मा काम गरेका छन् । यसमा उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा छन् । राज बहादुर सानेको लेखन तथा निर्देशन रहेको फिल्मको यसै हप्ता सिन्धुलीको सेड्युल सकिएको छ । अब काठमाडौंका केही दृश्य र एक गीत मात्र छायांकन गर्न बाँकी रहेको निर्देशक सेनले जानकारी गराए ।

सिन्धुलीको छायांकन सकिएसँगै निर्माण टिमले सौगात र बेनिशाको 'क्यारेक्टर लुक्स' तस्वीर पनि सार्वजनिक गरेको छ । तस्वीरमा दुवैलाई गाउँले पोसाकमा देख्न सकिन्छ । एक तस्वीरमा सौगात बेहुलाको रुपमा देखिएका छन् भने अर्कोमा बेनिशासँग रोमान्टिक भावमा चित्रित छन् । एक तस्वीरमा सौगातले बैसाखी टेकेको पनि देखिन्छ । फिल्ममा उनी जनयुद्धको घाइतेको भूमिकामा छन् ।

माओवादी जनयुद्धको पृष्ठभूमिमा आधारित भएर बनेको फिल्ममा लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, पवन भट्टराई, दिनेश रेग्मी, समिप निरौला, जानुका विश्वकर्मा, ज्ञानु सेञ्चुरी, काजल भुजेल र बालकलाकार करण नेपाली, आराध्या राज्यलक्ष्मी डिसीको पनि अभिनय छ । तुलसीदेवी फिल्मको प्रस्तुति रहेको फिल्मलाई आगामी तीजमा प्रदर्शन गर्ने योजनामा निर्माण टिम छ ।

फिल्मको गीतमा बाबुल गिरीको संगीत रहेको छ भने दिव्य सुवेदीको छायांकन छ । भुगोल कुमार कार्की निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा रामचन्द्र उपाध्यय, अप्सरा नेपाली, गंगाराम श्रेष्ठ, अजय कुमार बिक र कुमार केसी छन् । निर्देशक सानेले यसअघि 'सिल्ली फो', 'डोली', 'वीरांगना' लगायतका फिल्म निर्देशन गरि सकेका छन् । 'सिटामोल' उत्कृष्ट बनेको उनको दाबी छ ।

# नीतिको डेब्यू फिल्म 'खजुरे ब्रो' बैशाख २८ मा



काठमाडौं/पूर्व मिस नेपाल इन्टरनेशनल नीति शाहको डेब्यू फिल्म 'खजुरे ब्रो'को प्रदर्शन मिति घोषणा गरिएको छ ।

शनिबार धरानमा भएको 'धरान रन'को १२औं संस्करणको अवसरमा फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी बैशाख २८ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो । धरान सहरलाई पृष्ठभूमिमा राखेर तयार पारिएको पोस्टरमा फिल्मका चार पात्रहरुको 'मुड' दर्शाइएको छ ।

सुरज सुनुवारको लेखन तथा निर्देशनमा बनेको फिल्ममा नीतिसँगै रेअर राई, महेश त्रिपाठी, नवीन मानन्धर, प्रकाश भुजेल, विनिता थापा मगर, सुष्मा निरौला, पुष्कर कार्की, मनिष राउत, प्रेम सुब्बा, सुजाता राई आदिको पनि अभिनय रहेको छ । फिल्ममा धरान उपमहानगरका मेयर हर्क साम्पाङ राईले पनि विशेष भूमिकामा अभिनय गरेका छन् । फिल्म लाइट-कमेडी जनरामा बनेको हो ।

दिव्य दृश्य इन्टरटेन्टमेन्टले मान्द्रो प्रोडक्सन र मल्टी प्रपोजसँग सहकार्य गरेर निर्माण गरेको 'खजुरे ब्रो'को निर्माता नवीन मानन्धर र सुरज सुनुवार हुन् । फिल्ममा शिशिर बिसंखेको छायांकन र अनमोल गुरुङको संगीत छ ।

फिल्मको सह-निर्माता अनिल मानन्धर र पिकेश मानन्धर हुन् । धरानका खजुरे पात्रबाट प्रभावित भएर निर्माण भएको यो फिल्ममा नीतिको जोडी रेअर सँग बाँधिएको छ ।

# घरेलु मैदानमा कमजोर ब्याटिङ



काठमाडौं/आईसीसी क्रिकेट विश्वकप लिग २ मा गत वर्ष नेपालले चमत्कारिक प्रदर्शन गर्दै अन्तिम १२ मध्ये ११ खेल जितेर ओडीआई मान्यता जोगाउँदा ब्याटिङ मुख्य हतियार थियो । नेपालले हरेक खेलमा उत्कृष्ट ब्याटिङ गर्दै विपक्षीलाई माथ दिएको थियो ।

मुख्य प्रशिक्षक मोन्टी देसाईको आगमनपछि नेपालले एसोसिएट राष्ट्रसँग मात्र नभएर वानडे विश्वकप छनोट र एसिया कपमा भारत पाकिस्तानसँग पनि राम्रो ब्याटिङ गर्दै प्रशंसा बटुलेको थियो ।

तर लिग टु कै नयाँ चक्र घरेलु मैदानबाट सुरु हुँदा पहिलो सिरिजमा भने नेपालले ब्याटिङमै खराब प्रदर्शन गर्‍यो । जसले गर्दा घरेलु मैदानमा खेलेका चार मध्ये तीन खेलमा पराजित भयो । टस हारेर पहिला ब्याटिङको निम्तो पाएका तीनवटै खेलमा ब्याटिङ खराब रहेपछि नेपाल पराजित भयो ।

नेपाल आफ्नो पहिलो खेलमा नामिबियाविरुद्ध १३२ रनमा अल आउट भएको थियो । दोस्रो खेलमा नेदरल्याण्ड्सलाई हराउने क्रममा १३८ रनको लक्ष्य १५.२ ओभरमा भेट्टाएको थियो ।

तर तेस्रो खेलमा नामिबियाविरुद्ध १६८ रनमा अल आउट भएको नेपाल आज आइतबार नेदरल्याण्ड्सविरुद्ध ३ बल बाँकी छँदै १७२ रनमै अल आउट भयो । त्रिवि मैदान कीर्तिपुरमा १७३ रनको लक्ष्य नेदरल्याण्ड्सले ३७.५ ओभरमा २ विकेट गुमाएर भेट्टायो ।

नेपालका लागि ओपनर कुशल भुर्तेलले ६६ रन बनाउनु बाहेक अन्य ब्याटरले २५ रनको आँकडा समेत छुन सकेनन् । कुशलसँगै ओपनिङमा आएका आसिफ शेख नेपालको स्कोर ४२ रन हुँदा व्यक्तिगत १७ रनमा आउट भएका थिए ।

'हामीले जुन सुरुवात पाएको थियौं, त्यसमा राम्रो गर्न सक्थ्यौं,' कप्तान रोहित पौडेलले खेलपछि लाइभ ब्रोडकास्टरसँगको कुराकानीमा भने, 'सिरिजमा हामीले विशेषगरी ब्याटिङमा राम्रो गर्न सकेनौं ।' नेपालको बलिङ युनिटले राम्रो गरे पनि १७३ रनको लक्ष्य पछ्याएको नेदारल्याण्ड्सले दोस्रो इनिङ्समा राम्रो प्रदर्शन गर्दै खेल जितेको रोहितले बताए ।

'बलिङ युनिटले राम्रो गरेको थियो । विकेट राम्रो थियो । उनीहरुले राम्रो ब्याटिङ गरे । क्रेडिट नेदरल्याण्ड्सलाई पनि जान्छ,' रोहितले भने ।

बिहानको समयमा कीर्तिपुरमा ब्याटिङका लागि कठिन देखिँदै आएको छ । त्यसैले सिरिजमा टस जित्ने टिमले पहिला फिल्डिङ रोजे भने ५ वटा खेल टस जित्ने टिमले नै जिते । नेदरल्याण्ड्ससँगको दोस्रो खेलमा टस हारेर पनि नामिबिया विजयी भएको थियो ।

दोस्रो इनिङ्समा त्रिवि मैदानमा ब्याटिङ गर्न केही सहज हुँदा डच टोलीले आजको खेलमा आरामले लक्ष्य पूरा गरेको थियो । उसका लागि विक्रमजित सिंह र साएब्रान्ड एंगलब्रेक्टले अविजित १०२ रनको साझेदारी गरे । प्लेअर अफ दि म्याच विक्रमजितले ९२ बल खेल्दै ७ चौका मद्दतमा अविजित रहँदै सर्वाधिक ५६ रन बनाए । एंगलब्रेक्टले ७५ बल खेल्दै ३ चौका मदतमा अविजित ४६ रन बनाए ।

नेपालले २४० रन बनाएको भए चूनौती बन्न सक्ने रोहितले बताए । 'पहिलो इनिङ्समा २३०-२४० रन बनाएको भए चुनौतीपूर्ण स्कोर हुन सक्थ्यो । दोस्रो इनिङ्सको विकेट हेर्दा २४० रन गुड स्कोर थियो ।'

**घरेलु मैदानको हारले दुखी**

नेपालका मुख्य प्रशिक्षक मोन्टी देसाईले घरेलु मैदानमा हार्दा दु:ख लागेको बताए । कप्तान रोहितकै भनाइमा सहमति जनाउँदै प्रशिक्षक देसाईले नेपालले एउटै खेल खेलेको बताए । 'हामीले एउटै खेल खेल्यौं । मैले कप्तानले भनेको पनि सुनें । उनले हामीले गल्तीबाट सिक्नुपर्छ र हामीले उही गल्ती गर्नुहुन्न भनेको थिए,' देसाईले भने, 'क्षमतावान टिमसँग च्यालेन्जिङ सिचुएसनमा खेल्दा फाइट गर्नुपर्छ र ब्याटिङमा स्टे गर्नुपर्छ ।'

नेपालले चार खेलबाट धेरै कुरा सिकेको भन्दै देसाईंले खेलाडीले पनि ब्याटिङको कला सिक्नुपर्ने बताए । 'हाम्रो खेलाडीले धेरै अनुभव लिएका छन् र त्यो खेलबाट उनीहरुले ब्याटिङ कला पनि सिक्नुपर्छ ।' प्रशिक्षक देसाईले लिग २ को चक्र चुनौतीपूर्ण भएको पनि बताए । ८ टिम सम्मिलित लिग २ को यो चक्र सन् २०२६ को डिसेम्बरमा सकिने छ ।

*(स्रोत: अनलाइनखबर)*

# अख्तियार र विशेष अदालत...

यदि त्यसो हो भने, भ्रष्टाचारीविरुद्ध कठोररुपमा उत्रिन र कार्यवाही गर्न केही तगारो भएर बसेका छन् भने त्यो तगारो हटाउन देशको प्रधानमन्त्रीले कडा कदम चाल्ने हिम्मत गर्न सक्नुपर्छ भनेर जनजनले रोइलो गरेको धेरै वर्ष बितिसकेको छ ।

मुख्य कुरो भनेको कुनै पनि नेताले आफ्नो अन्धसमर्थकले जे-जति दुष्कार्य गरे पनि त्यसविरुद्ध कठोर भएर लागिपर्न नसक्नु नै भ्रष्टाचार मौलाउनुको प्रमुख कारण हो ।

आफ्ना समर्थकले जे-जस्तो कुरा वा टिप्पणी उठाए पनि त्यसले पर्ने दीर्घकालीन असरको बारेमा अध्ययन वा बिचार नै नगरी आँखा चिम्लिने कार्यलाई निरन्तरता प्रदान गरिरहने हो र गलत कार्यमा संलग्न जो-कोहीलाई पनि कानुनी कठघरमा ल्याउन नसक्ने हो भने भ्रष्टाचारको विषय कुनै हालतमा पनि नियन्त्रण त परै जाओस् सानो अंशमा पनि न्यूनीकरण हुन सक्दैन । यस अर्थमा जबसम्म डटेर त्यसको मुकाबिला गरिँदैन, सही र सत्य नै कुरा भए पनि स्वीकारोक्तिले मात्रै केही अर्थ राख्दैन ।

देशमा देखा परेका समस्याहरुको समाधानको खाका जनजनसमक्ष सार्वजनिक गर्नुभन्दा पनि आफ्नो व्यक्तिगत महत्वाकांक्षा कसरी स्थापित गर्न सकिन्छ भन्ने ध्याउन्नमै विभिन्न दलका राजनीतिक अंशियारहरु मरिमुक्त भएर लागिपरिरहेका छन् ।

देशमा भएका प्राय: सबै दलका राजनीतिक अंशियारहरुलाई पिछलग्गु र आफ्नो स्वार्थमात्र साँध्न खोज्ने कार्यकर्तादेखि बाहेक अन्य जनजनले थरी-थरीका राजनीतिक गठबन्धनहरुलाई जनजनलाई झुक्याई आफ्नो कुत्सित राजनीतिक स्वार्थमात्र साँध्ने र ठगी गर्ने दलको संज्ञा दिन थालेको धेरै भैसकेको छ । दिग्भ्रमित पार्ने कुरा बोलेर गठन गरिने कुनै पनि राजनीतिक गठबन्धनलाई जनजनले ठगबन्धनको रुपमा हेर्न थालेका छन् ।

राजनीतिक अंशियारहरुले गरेका कुकर्मबाट पिल्सिएका कुनै पनि दलको कार्यकर्ताको अन्तरात्माको आवाज अब बिस्तारै यदाकदा नेताहरुकै अगाडि प्रस्फुटन हुन थालेका छन् ।

जसलाई सकारात्मक रुपमा लिन त सकिन्छ, तर विडम्बना चाहिँ आजको दिनसम्म आइपुग्दा शासकहरुलाई आफूहरुले गरेको कुकृत्यहरुप्रति सामान्य आत्मग्लानिसम्म पनि भएको प्रतीत हुन नसक्नुचाहिँ दुर्भाग्य हुन पुगेको छ ।

राजनीतिक व्यवसायीहरुले जतिपटक झुक्याएर ठगे पनि किन हामीले जनता कार्यकर्तादेखि लिएर समस्त देशलाई ठगिरहेका छौं भन्ने आफूले आफूलाई प्रश्न सोध्ने कहिल्यै आँट गरेनन् र त्यो आँट अहिलेसम्म उनीहरुमा पलाएको पनि देखिँदैन । जनता ठग्ने र झुक्याउने रोग उनीहरुमा मात्र सीमित रहेन, राज्यका प्रत्येक निकायहरुमा त्यो सरुवा रोगजस्तै सरेर महामारीको रुपमा स्थापित हुन पुगेको छ ।

जे-जस्तो भए पनि यो विषयमा अहिले सम्बन्धित निकायहरुबाट सानै रुपमा भए पनि चाहे प्रतिबद्धतामार्फत होस् या फैसलामार्फत होस्, भ्रष्टाचार न्यूनीकरणको लागि केही सकारात्मक सन्देशहरु प्रवाह भएका छन् । यसले भविष्यमा कार्यान्वयन तह अझ बढी सशक्त भएर लागिपर्न प्रेरणा मिलोस्, जनजनको अभिलाषा यही रहेको छ ।

*(साभार: नेपाल समाचारपत्र)*

# बलिउड अभिनेता अनुपम खेरलाई मनपर्‍यो 'गोर्खा वारियर' ट्रेलर

काठमाडौं/बलिउडका नामी अभिनेता अनुपम खेरले पहिलोपटक नेपाली फिल्मको ट्रेलर हेरेर प्रशंसा गरेका छन् । उनले आइतबार ७० लाख फलोअर्स रहेको इन्स्टाग्राम स्टोरीमा फिल्म 'गोर्खा वारियर'को पोस्टर सेअर गर्दै ट्रेलर मनपरेको जनाएका हुन् । निर्देशक मिलन चाम्सलाई ट्याग गर्दै उनले लेखेका छन्, 'ट्रेलर मनपर्‍यो ।' उनले तालीको इमोजी सहित ह्यासट्यागमा नेपाल उल्लेख गरेका छन् ।

अनुपम नेपाल आइरहने बलिउड सेलिब्रेटीमा पर्छन् । नेपालको धर्म, संस्कृति, भाषा, साहित्यको बारेमा पनि विशेष चासो राख्ने उनी २ वर्ष अगाडि फिल्म 'उचाइँ'को छायांकनका लागि करिब दुई हप्ता काठमाडौंसहित लुक्ला र नाम्चे क्षेत्रमा बसेका थिए । उनले धेरै नेपाली कलाकारलाई समेत अभिनय सिकाएका छन् । मुम्बईमा उनको अभिनयसम्बन्धी कोर्स गराउने 'एक्टर प्रिपियर्स' स्कूल छ ।

अनुपम खेरले ट्रेलरको प्रशंसा गरेपछि 'गोर्खा वारियर'लाई लिएर घरेलू दर्शकमा चासो उब्जिएको छ । यसले व्यापारमा पनि सघाउ पुर्‍याउन सक्ने देखिन्छ । शुक्रबारबाट प्रदर्शनमा आएको फिल्मले केही सहरमा राम्रो व्यापार गरिरहेको छ ।

विशेषगरी पूर्व गोर्खा सैनिक र उनीहरुको परिवारलाई फिल्मले आकर्षित गरेको छ । अब फिल्मको व्यापार भनेको 'वर्ड अफ माउथ'मा निर्भर रहनेछ । यो फिल्ममा विजय लामा, रितेश चाम्स, शिशिर वाङ्देल, रेविका गुरुङ, रियर राई, सारा राई, कविता आले, सुरज तमु लगायतको अभिनय छ । सन् १९४९ मा 'मलाया इमरजेन्सी जंगल वार'मा गोर्खा सैनिकले देखाएको बहादुरीको कथामा आधारित भएर निर्माण भएको फिल्मको मेकिङ र द्वन्द्वको प्रशंसा भैरहेको छ । फिल्मले ७० वर्ष अगाडिको नेपाली समाजको अवस्था पनि देखाएको छ ।

# 'चमेलीको पोई'बाट १९ वर्षपछि कमब्याक गर्दै नारायण त्रिपाठी

काठमाडौं/कुनै समय नेपाली फिल्ममा हाँस्य चरित्रमा सर्वाधिक रुचाइएका कलाकार नारायण त्रिपाठी (प्रेम चरो) केही वर्षयता अमेरिकामा बसोबास गर्दै आएका छन् । पछिल्लोपटक फिल्म 'मनमा माया' (२००५)मा देखिएका उनले अब १९ वर्षपछि फिल्ममा कमब्याक गर्ने भएका छन् । निर्देशक एभरेष्ट सूर्य बोहराले निर्माण गर्न लागेको फिल्म 'चमेलीको पोई'बाट उनले कमब्याक गर्न लागेका हुन् ।

निर्देशक बोहोरा र नारायणले यसअघि पनि सहकार्य गरेका छन् । केही टेलिफिल्म र फिल्म 'अग्नि परिक्षा'मा उनीहरुबीच सहकार्य भएको थियो । अब 'चमेलीको पोई'मार्फत् नारायणलाई 'कमब्याक' गराउन पाउँदा खुशी लागेको निर्देशक बोहराले बताएका छन् । आगामी वर्ष छायांकन गरेर त्यही वर्ष प्रदर्शन लक्ष्य राखिएको फिल्मका लागि नारायणबाहेक अरु कलाकार चयन भएका छैनन् ।

निर्देशक बोहोराले पछिल्लो पटक फिल्म 'हेल्लो जिन्दगी' बनाएका थिए । 'चमेलीको पोई'का साथै उनी अर्को फिल्म 'अवतार' पनि बनाउने तयारीमा छन् ।

यसअघि उनले 'अग्नि परिक्षा', 'कान्छा', 'मुटु', 'ठूली', 'भैरे' र 'श्री'को निर्देशन गरिसकेका छन् । 'चमेलीको पोई'ले नेपाली समाजको एउटा वास्तविक पाटोलाई उजागर गर्ने उनको दाबी छ । फिल्म कमेडी जनरामा बन्ने शीर्षकले बुझाउँछ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मनहरी घटनामा कांग्रेस मकवानपुरको ध्यानाकर्षण, तरुणको विरोधसभा

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नेपाली कांग्रेस वागमती प्रदेश सभापति तथा प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँको तस्विरसहित संयुक्त दवावको नाममा भएको प्रदर्शनप्रति कांग्रेस मकवानपुरको ध्यानाकर्षण भएको जनाएको छ ।

कांग्रेस मकवानपुर प्रवक्ता अर्जनुप्रसाद चौलागाईले विज्ञप्ति जारी गर्दै मनहरी गाउँपालिकाभित्रका आफूलाई राजनीतिक दलका नेता भन्ने व्यक्तिहरुले पाँच राजनीतिक दलको नाममा गरेको कार्यप्रति कांग्रेस जिल्ला कार्यसमिति मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

कांग्रेस सभापति बानियाँको व्यक्तिगत, व्यवहारिक एवम् कानूनी रुपमा संलग्न नरहेको तथा मनहरी गाउँपालिकाले आव्हान गरेको सार्वजनिक सूचना बमोजिम हिराचन/बानियाँ जेभी कम्पनीले प्रतिस्पर्धात्मक रुपमा ४ वटा पुल निर्माण गर्ने जिम्मेवारी पाएकोमा काममा ढिलासुस्ती भएको भन्दै सभापतिलाई अपमानजनक शब्द प्रयोग गरी तस्विरसहितको ब्यानर प्रदर्शन गर्ने गैरकानूनी, गैरराजनीतिक एवम् अलोकतान्त्रिक व्यवहारको उनले विरोध गरेका छन् ।

'निकुञ्ज क्षेत्रभित्र रहेको प्राविधिक र व्यवहारिक विभिन्न कठिनाईहरु झेल्दै मसिने खोला पुल ८६ प्रतिशत, ट्वाङग्रा खोला पुल ९६ प्रतिशत, च्यापलखोला पुल ६९ प्रतिशत र ठाडोखोला पुल ७५ प्रतिशत निर्माण कार्य पूरा भैसकेको व्यहोरा निर्माण कम्पनीको विज्ञप्ती उल्लेख छ ।', चौलागाईले गाउँपालिका प्राविधिकबाट सूचना प्राप्त भएको र निर्माण कम्पनीलाई आवश्यक सहयोग उपलब्ध गराउँदै निरन्तर अनुगमन कार्य भैरहेको अवस्थामा निर्माण कम्पनीले ४ वटै पुलहरु २०८०/८१ को असार मसान्तभित्र निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्दतासमेत जनाइसकेका बताए ।

'बागमती प्रदेश सभापति माथि राजनीतिक प्रतिशोध साँध्ने, चरित्र हत्या एवम् मानहानी गर्ने र जनतामा अलोकतान्त्रिक ढंगबाट भ्रम श्रृजना गर्ने गैरराजनीतिक चरित्रप्रति नेपाली कांग्रेस मकवानपुर गम्भीर आपत्ती प्रकट गर्दछ ।', विज्ञप्तिमा स्थानीय जनताको पक्षमा सहज र छिटो तरिकाले सेवाप्रवाह गर्ने र गराउने कार्यमा पैरवी गर्न तथा स्थानीयस्तरमा संचालित विकास निर्माणका कार्यहरु समयसीमाभित्र सम्पन्न हुनुपर्छ भन्ने कुरामा नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदैव सचेत र जिम्मेवारपूर्ण ढंगबाट खवरदारी गरी आएको कुरा स्मरण गराइएको छ ।

यसैगरी, बानियाँविरुद्ध पाँच दलले गैरराजनीतिक व्यवहार गरेको भन्दै नेपाल तरुण दल मनहरीले आइतबार गाउँपालिकामा विरोध प्रदर्शन गरेको छ । ४ वटा पुल निर्माणको जिम्मेवारी पाएकोमा ढिलासुस्ती भएको भन्दै कांग्रेस वागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँको तस्वीरसहित संयुक्त दबाबको नाममा मनहरीका पाँच राजनीतिक दलले चरित्रहत्या गर्न खोजेको आरोप लगाउँदै तरुण दलले गाउँ कार्यपालिकाको कार्यालय अगाडि नै विरोधसभा गरेको हो ।




विरोधसभामा कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश वर्तौलाले समृद्ध मनहरी निर्माणको लागि कांग्रेसले गरिरहेको विकासको कामबाट आत्तिएर पाँच राजनीतिक दलले कांग्रेस सभापति बानियाँको चरित्र हत्या गर्न खोजेको र खबरदारीको नाममा जनप्रतिनिधिको तस्विर अंकित व्यानर सार्वजनिक स्थानमा प्रर्दशन गर्ने अधिकार नरहेको बताए । उनले विगतमा एमालेले मनहरी गाउँपालिका सञ्चालन गर्दा देशकै कमजोर पालिकाको रुपमा रहेको र अध्यक्ष र उपाध्यक्षको विवादले विकासको अवसरबाट गाउँपालिकाबासी बञ्चित भएको स्मरण गराए ।

पुलको ९० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको अवस्थामा निर्माण व्यवसायीको मनोबल गिराउने काम गर्नु पूर्वाग्रह मात्रै भएको उनको भनाइ छ । कार्यक्रममा कांग्रेस महासमिति सदस्य एवम् तरुण दलका केन्द्रीय सदस्य राजेश भेटवालले २०७२ सालको भूकम्प, नाकाबन्दी, कोभिड महामारी र अहिलेको आर्थिक मन्दीका कारण निर्माण व्यवसायी थला परेको र राज्यले भुक्तानी एवम् सुरक्षा दिन नसक्दा अवस्था दयनीय रहेको बताए ।

उनले विरोध प्रर्दशनमा सामाजिक संस्कार र चरित्र समेत गुमाउँदै निर्माण व्यवसायीलाई मानहानी गर्नेलाई कारवाहीको माग गरे । विरोधमा उत्रिएको एमालेबाट निर्वाचित तत्कालीन उपाध्यक्षको नाममा ९ लाख रुपैंयाँ पेश्की बेरुजु रहेको दावी गर्दै उनले बक्यौता २४ घण्टाभित्र भुक्तानी गर्न चेतावनी दिए । उनले बानियाँको चरित्र हत्या गर्ने पक्षलाई २४ घण्टाभित्र माफी माग्न समेत चेतावनी दिए । कार्यक्रममा नेपाली कांग्रेस वागमती प्रदेश कार्यसमिति सदस्य जानकी लामा, नेता नुरोज पौडेल, तरुण दल मनहरी गाउँपालिका अध्यक्ष स्वतन्त्र उप्रेतीलगायत नेपाली कांग्रेस र तरुण दलका नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।

# मगर संघको साँस्कृतिक कार्यक्रम र फुड फेस्टिवल

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नेपाल मगर संघ जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा संघको ४२ औं स्थापना दिवसको अवसर पारेर विविध साँस्कृतिक कार्यक्रम तथा फुड फेस्टिवल हुने भएको छ । कार्यक्रम आगामी फागुन १५ गते मंगलबार हुँदैछ ।

आइतबार पत्रकार सम्मेलन गर्दै संघका अध्यक्ष सन्देश तुम्सिङ मगरले १५ गते हेटौंडाको हुप्रचौर राष्ट्रिय कलाकार सहित स्थानीय कलाकारको प्रस्तुती रहने बताए । उनले कार्यक्रममा अमृता लुङ्गेलीमगर, हेमन्त आलेमगर, कमेडियन दिनेश काफ्ले, शशि पुनमगरको प्रस्तुती रहनुका साथै मकवानपुरका कलाकारको पनि प्रस्तुती रहने बताएका छन् ।




कार्यक्रममा मगर जातिको कौरा र हुर्रा नाच प्रदर्शनी रहने जनाइएको छ । कार्यक्रममा करिब ४ लाख खर्च हुने अनुमान आयोजकको छ । मकवानपुरमा ७० प्रतिशत जनजाति समुदाय रहेकोमा मगर जाति ३.८ प्रतिशत रहेको छ । मकवानपुरमा बागमती र भीमफेदी गाउँपालिकामा बढी संख्यामा मगर समुदायको बसोबास रहेको छ । जिल्लामा करिब तीस हजार मगरको संख्या रहेको अध्यक्ष तुम्सिङमगरले बताए ।

पत्रकार सम्मेलनमा नेपाल मगर संघका बागमती प्रदेश उपाध्यक्ष खेमराज जर्घामगर, प्रदेश प्रशासन सचिवालय सदस्य रामकुमार थापामगर, जिल्ला उपाध्यक्ष उर्मिला मगर, संघका सल्लाहकार कृष्ण सारुमगर लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमको उद्घाटन प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गर्ने तयारी भएको आयोजकले जनाएको छ ।

## निर्माण व्यवसायीलाई अपमान...

संघ अध्यक्ष बालगोपाल कँडेलद्वारा जारी विज्ञप्तिमा पक्की पुल निर्माण कम्पनी हिराचन-बानियाँ जेभीले चालु आर्थिक वर्षभित्रमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएको, गाउँपालिकासँग पुल निर्माण सम्पन्न गर्ने सम्झौताको मिति बाँकी नै रहेको अवस्थामा र ाजनीतिक आवरणमा विनाआधार सम्बन्धित पक्षसँग छलफल र समन्वय नगरी गरिएको विरोधको यस संघले भत्सर्ना गर्ने बताए ।

उनले पुल निर्माणस्थल राष्ट्रिय निकुञ्जको क्षेत्राधिकार भित्र रहेका कारण श्रृजना भएको प्राविधिक कठिनाई, वर्षायाममा बाढीका कारण भएको क्षती, ढुंगागिट्टी, बालुवा जस्ता निर्माण सामग्रीको उपलब्धतामा भइरहेको कठिनाइलगायत असहजतालाई झेलिरहेको परिस्थितिमा राजनीतिक दलले सहयोग गर्नुपर्नेमा उल्टै आन्दोलन गर्नु दुःखद् भएको बताए ।

'निर्माण व्यवसाय क्षेत्र उद्योगकै रुपमा अगाडि बढिरहेको अवस्थामा विकास निर्माणको कार्य राजनीतिक दलसँग सहकार्य गर्न हामी तयार छौं । तर, निर्माण व्यवसायीको मनोबल गिराउने गरी प्रयोग गरिएको यस्ता शब्दले राजनीतिक दलले हामीप्रति गर्ने व्यवहार प्रष्ट भएको देखिन्छ ।', उनले स्थानीय राजनीतिक दललाई तत्काल पुल निर्माणमा सहजता प्रदान गरी तोकिएकै समयमा काम सम्पन्न गर्ने वातावरण तयार पारिदिन समेत यस अनुरोध गरेका छन् ।

# मकवानपुर रेडक्रसको ५४ औं साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाको ५४ औं वार्षिक साधारण सभा भएको छ । रेडक्रसका केन्द्रीय अध्यक्ष सुदर्शनप्रसाद नेपालको प्रमुख आतिथ्यता तथा सभापति लालबहादुर थापाको सभापतित्वमा साधारणसभा भएको हो ।

केन्द्रीय अध्यक्ष नेपालले दैवीप्रकोप र सामाजिक परोपकारको क्षेत्रमा रेडक्रस अनवरत् खटिएको बताए । उनले सामाजिक क्षेत्रमा रेडक्रसले खेलेको भूमिकालाई अझै सशक्त ढंगबाट अगाडि बढाउनु पर्नेमा जोड दिए । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले मानवसेवा नै धर्म भन्ने मान्यताअनुसार रेडक्रस अगाडि बढिरहेकोमा प्रशंसा गरे । विपतमा काम गर्ने रेडक्रस संस्थालाई सबैको सहयोगमा अगाडि बढाउनुपर्नेमा घलानले जोड दिए ।

रेडक्रसले साधारण सभाको अबसरमा उत्कृष्ट उपशाखाको रुपमा नेरेसो फापरबारी उपशाखालाई सम्मान प्रदान गरेको छ । उत्कृष्ट युवा सर्कलमा बालजागृति इङ्लिश बोर्डिङ स्कूल, उत्कृष्ट शिक्षक नायकमा रुपचन्द्र गोपाली, उत्कृष्ट संरक्षकमा रमेशप्रसाद लामिछाने, उत्कृष्ट रक्तदातामा ६८ पटक रक्तदान गरेका गौतम मानन्धर, उत्कृष्ट महिला रक्तदातामा कल्पना श्रेष्ठ, उत्कृष्ट दुर्लभ रक्तदातामा विजय पराजुली, उत्कृष्ट स्वयंसेवकमा हिक्मत श्रेष्ठ, उत्कृष्ट कर्मचारीमा रामजीप्रसाद खतिवडा, प्रथम रक्तदाता संस्थामा विश्व सु-समचार समाज परमेश्वरको मण्डली, द्वितीय रक्तदाता संस्थामा लायन्स कल्ब अफ मुक्तिनाथ र तृतीय रक्तदाता संस्थामा वस्तिपुर जेसीज हाँडीखोलालाई सम्मान प्रदान गरेको हो ।

साधारणसभामा नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष वीरबहादुर बस्नेत, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, जिल्ला प्रहरी प्रमुख सीताराम रिजाल, रेडक्रस सोसाइटी केन्द्रीय सदस्य हरिप्रसाद पौडेल, नेकपा एकीकृत समाजवादी जिल्ला अध्यक्ष विष्णुप्रसाद दाहाल, नेकपा माओवादी केन्द्रका जिल्ला सचिव भीम पाख्रिन, राष्ट्रिय प्रजातन्त्र पार्टीका सीताराम बर्तौलालगायतको आतिथ्यता थियो ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, मकवानपुर**

**सूचना ! सूचना ! सूचना !**

यहि २०८० साल फाल्गुन १३ गते देखि १९ गते सम्म मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तहको वडाहरुमा दादुरा रुवेला खोप अभियान सञ्चालन हुँदैछ । यस अभियानमा ९ महिना देखि ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा-रूवेला रोग विरुद्धको खोप लगाइन्छ । त्यसैले आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रूवेला खोप लगाउनु हुन अनुरोध छ ।

साथै यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालार्क्ष छुट भएको नियमित खोप पनि लगाइने भएकोले खोप कार्ड लिई आउनु हुन पनि अनुरोध छ । खोप अभियान सञ्चालन हुने मिति, समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वंयसेविका वा वडाका जनप्रतिनिधिहरुबाट प्राप्त गर्न सकिन्छ ।

दादुरा-रुवेला रोग लागेको १ जना व्यक्तिले १८ जनासम्म लाई संक्रमण गर्न सक्छ । त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रूवेला खोप लगाऔं र नेपालबाट दादुरा - रुवेला रोग निवारण गरौं ।

**जिल्ला खोप समन्वय समिति, मकवानपुर**

## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौ,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुन: जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरु:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना